दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २४ | बुटवल | २०८२ माघ ०४ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday January18, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## कांग्रेस नेता कनोडिया एमाले प्रवेश



बुटवल । नेपाली कांग्रेस कपिलवस्तुका नेता वीरेन्द्रकुमार कनोडिया एमालेमा प्रवेश गरेका छन् । लुम्बिनी प्रदेशसभाका पूर्व सांसद कनोडियालाई नेपाली कांग्रेस कपिलवस्तु क्षेत्र नम्बर ३ ले एकल सिफारिस गरेको थियो ।

शनिबार काठमाडौंमा एमाले अध्यक्ष केपी शर्मा ओलीबाट सदस्यता ग्रहण गर्दै उनी एमाले प्रवेश गरेका हुन् । उनलाई एमालेले उम्मेदवार बनाउने गरी पार्टीमा भित्राएको हो ।

एमाले नेता तथा प्रदेश सांसद गिरीधारीलाल न्यौपानेले उम्मेदवार बनाउने गरी नेता कानोडियालाई भित्र्याएको बताए । कानोडिया एमाले प्रवेश गरेपछि कांग्रेसबाट अभिषेकप्रताप शाह उम्मेदवार बन्ने चर्चा छ ।

कनोडियाले कांग्रेसको किचलोमा फस्नुभन्दा एमालेमा प्रवेश उचित लागेको जनाए । चिनी मिल सञ्चालक समेत रहेका कनोडियामाथि उखु किसानको पैसा नतिरेको आरोप लाग्दै आएको छ । कनोडिया २०७९ को प्रदेशसभा सदस्य चुनावमा भने पराजित भएका थिए ।

## खुमाकान्तले छाडे एमाले



बुटवल । नेकपा एमाले केन्द्रीय निर्वाचन कमिटी सदस्य खुमाकान्त पौडेलले पार्टी परित्याग गरेका छन् । पौडेल रुपन्देही क्षेत्र नं. २ अन्तर्गत तिलोत्तमा नगरपालिका ३ का बासिन्दा हुन् ।

पार्टी जिल्ला अध्यक्ष यज्ञ गैरेलाई सम्बोधन गरी लेखेको राजीनामा पत्रमा पौडेलले पछिल्लो समय पार्टीमा मौलाएको अधिनायकवाद, नातावाद, खोक्रो राष्ट्रवाद, भ्रष्टाचार, गाली बेइज्जती संस्कृति, मोलाहिजा र गुटगत मोविज्ञानसँग सहमत हुन नसकेर पार्टी परित्याग गरेको विज्ञप्तिमार्फत् जानकारी गराएका छन् ।

पार्टी परित्याग गरी स्वतन्त्र रहने उनको दाबी छ । पौडेल एमाले नेता लिला गिरी प्रदेशको मुख्यमन्त्री हुँदा प्रदेश सरकारको मुख्य न्यायाधिवक्ता नियुक्त भएका थिए । उनी एमाले सरकारमा हुँदा कानुन आयोगको सदस्य समेत थिए ।

पौडेल तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ रुपन्देहीका अध्यक्ष, तीन कार्यकाल एमाले रुपन्देहीका सचिवालय सदस्य, इलाका र क्षेत्रीय कमिटी सदस्य रहेका थिए ।

पौडेलले आफूलाई सरकारी नियुक्ति दिन सहयोग गरेका भन्दै पार्टी उपााध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल र तत्कालीन मुख्यमन्त्री लिला गिरीलाई धन्यवाद व्यक्त गरेका छन् ।

# एक्लै चुनाव लड्ने कांग्रेसको निर्णय

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेपाली कांग्रेसले आसन्न निर्वाचनमा अप्राकृतिक चुनावी गठबन्धन र सत्ता केन्द्रित सम्झौता नगर्ने निर्णय गरेको छ। एक्लै चुनावमा सहभागी हुने निर्णय भएको कांग्रेस नेताहरूले बताए ।

निर्वाचन आयोगबाट मान्यता पाएपछि पहिलो पटक बसेको कांग्रेस केन्द्रीय समितिको बैठकले चुनावी गठबन्धन गर्ने निर्णय गरेको प्रवक्ता देवराज चालिसेले जानकारी दिए ।

गगन थापाको सभापतित्वमा बसेको कांग्रेस बैठकले निवर्तमान सभापति शेरबहादुर देउवाप्रति पार्टीमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आगामी दिनमा अभिभावकीय भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ ।

'देउवाले लामो समयसम्म कांग्रेसको नेतृत्व लिनुभयो, यो योगदानको कदर र मूल्याङ्कन गर्दै हार्दिक आभार गर्ने र अभिभावकीय भूमिका प्राप्त हुने विश्वास लिएका छौं ।'- प्रवक्ता चालिसेले भने ।

उनले चुनावको मुखमा पार्टीलाई संकटमा धकेल्ने काम कतैबाट हुन्न भन्ने विश्वास रहेको बताए ।

नेपाली कांग्रेसले विशेष महाधिवेशनबारे निर्वाचन आयोगले लिएको निर्णयको स्वागत गर्दै लोकतन्त्र र विधानको विजय भएको बताएको छ ।

शनिबार नयाँ बानेश्वरमा बसेको केन्द्रीय कार्यसमितिको बैठकले जारी गरेको निर्णयमा यो प्रक्रिया कसैको जित-हार नभई विधि र लोकतान्त्रिक अभ्यासको सफलता भएको उल्लेख गरिएको छ ।

'निर्वाचन आयोगले नेपाली कांग्रेसको दोश्रो विशेष महाधिवेशनका निर्णयहरूलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरिसकेको छ,' प्रवक्ता देवराज चालिसेले जारी गरेको विज्ञप्तिमा निर्णयमा भनिएको छ-'यो कसैको जित-हार होइन- यो विधान र लोकतन्त्रको विजय हो ।

यस ऐतिहासिक परिवर्तनमा साथ दिने हरेक सदस्य, शुभेच्छुक र सहयोगीप्रति हृदयदेखि केन्द्रिय समितिको यो वैठक हार्दिक आभार व्यक्त गर्दछ ।'

बैठकले पार्टीभित्र एकता, सद्भाव र सहकार्यको आवश्यकता औंल्याउँदै देश-विदेशमा रहेका सबै कांग्रेसजन, सबै तहका समिति तथा भातृ एवं शुभेच्छुक संस्थालाई फागुन २१ गते हुने निर्वाचनमा नवीन ऊर्जा र पूर्ण एकताका साथ सक्रिय रूपमा सहभागी हुन आह्वान गरेको छ ।

त्यस्तै, विभिन्न कारणले पार्टीबाट निष्क्रिय रहेका वा पार्टी छाडेका सबै नेता-कार्यकर्तालाई पुनः कांग्रेसमा जोडिन बैठकले अपिल गरेको छ ।

बैठकले निवर्तमान सभापति शेरबहादुर देउवालगायतका नेताहरूले कांग्रेस नेतृत्वमा रहँदै लामो समयसम्म पुऱ्याएको योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गरेको छ । साथै, देउवाबाट आगामी दिनमा पनि अभिभावकीय भूमिका प्राप्त हुने विश्वास व्यक्त गरिएको छ ।

बैठकको निर्णयमा मूल्य र सिद्धान्तमा अडिग रहँदै संविधानको रक्षा गर्ने, समृद्ध नेपालको नेतृत्व गर्ने तथा नवयुवाको आकांक्षा र जनताको अपेक्षा पूरा गर्ने संकल्प दोहोऱ्याइएको छ ।

केन्द्रीय कार्यसमितिले यो समयलाई कांग्रेसको नयाँ अध्याय-रूपान्तरण, एकता र विजयको चरणको रूपमा व्याख्या गर्दै समुन्नत नेपाल निर्माणको महाअभियानमा सहभागी हुन सबैलाई आग्रह गरेको छ ।

## आयोगको निर्णयविरुद्ध देउवा पक्ष अदालत जाने

बुटवल । नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवा पक्षको बैठकले गगन थापा नेतृत्वको कार्यसमितिलाई निर्वाचन आयोगले आधिकारिकता दिनु मुलुकमा लोकतान्त्रिक व्यवस्थालाई दुर्घटनामा पार्ने षड्यन्त्र भएको आरोप लगाएको छ ।

शनिबार बिहान बसेको बैठकपछि मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गर्दै विशेष महाधिवेशनका नाममा गरिएको भेलाको औचित्य, वैधानिकता, उपस्थित संख्या समेत नहेरी एकलौटी रूपले गरिएको निर्णय दूषित मनसायले प्रेरित रहेको बैठकले निष्कर्ष निकालेको जनाएका छन् ।

विज्ञप्तिमा भनिएको छ-'निर्वाचन आयोगको दुराशयपूर्ण निर्णयको कडा विरोध गर्दै यो बैठक उक्त निर्णयविरुद्ध संवैधानिक एवं कानुनी उपचार तथा राजनीतिक प्रतिवाद गर्ने निर्णय गर्दछ ।'

आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा मामिला एवं अन्य कानुनी काम कारबाही गर्नका लागि कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई अख्तियारी प्रदान दिने निर्णय गरेको छ ।

# भड्छामा ऐतिहासिक ११५औं माघे औंसी मेला सुरु




**नरेश चौधरी**
*सैनामैना*

रुपन्देहीको सैनामैना नगरपालिका-८ स्थित भड्छा गाउँमा ऐतिहासिक तथा साँस्कृतिक महत्व बोकेको तीनदिने भड्छा महोत्सव तथा रात्रि माघे औंसी मेला शनिबारबाट सुरु भएको छ ।

थारु समुदायको संस्कृति, धार्मिक परम्परा र पहिचानसँग जोडिएको यो मेला यस वर्ष ११५औं संस्करणका रूपमा आयोजना गरिएको हो ।

हरेक वर्ष माघे औंसीको अवसरमा आयोजना हुँदै आएको यो मेला राती सुरु भएर राती नै समापन हुने विशिष्ट पहिचान बोकेको प्राचीन मेला हो । मेलालाई व्यवस्थित रूपमा सम्पन्न गर्न सैनामैना नगरपालिका वडा नं. ८ का वडाध्यक्ष बुद्धिराम चौधरीको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ ।

वडाध्यक्ष तथा मेला मूलसमारोहका संयोजक चौधरीले भड्छा मेला यस क्षेत्रकै ऐतिहासिक धरोहर भएको उल्लेख गर्दै थारु समुदायको संस्कृति संरक्षण, इतिहासको संवर्द्धन र पहिचान जोगाउने उद्देश्यले मेला आयोजना गरिएको बताए । उनका अनुसार परापूर्वकालदेखि चल्दै आएको यस मेलाले थारु समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक जीवनशैली झल्काउने महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

मेलाको संरक्षणमा सबै समुदायको साझा अपनत्व आवश्यक रहेको उल्लेख गर्दै मेला प्रचार-प्रसार उपसमितिका संयोजक हरिनारायण थारुले रात्रिकालीन स्वरूपकै कारण मेलाको धार्मिक तथा सांस्कृतिक महत्व अझ बढी रहेको बताए । मानवअधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष गोविन्द खनालले थारु समुदायको अस्तित्व, अधिकार स्थापना तथा पछाडि परेका समुदायलाई मूलधारमा ल्याउन भड्छा मेलाले महत्वपूर्ण योगदान पुऱ्याउने धारणा राखे ।

उनले भड्छा महोत्सवलाई थारु संकृति र सम्पदा अध्ययनको थलो बनाउनुपर्ने सुझाव दिए ।

मेला अवधिभर थारु संस्कृतिलाई झल्काउने पहिरन, पुराना सामग्रीको प्रदर्शनी, ऐतिहासिक बड्का नाच, झुमडा नाच, थारु खानाका परिकार तथा पहिरनका स्टल, विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, खुला वडास्तरीय भलिबल प्रतियोगिता, लोकचुट्का भजन, सांस्कृतिक कार्यक्रम तथा राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति रहने झुमण नाच संयोजक रामबहादुर थारुले जानकारी दिए ।

मेला रात्रिकालीन स्वरूपकै कारण सुरक्षा व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको सरोकारवालाहरु बताउँछन् । आर्थिक स्रोतको अभाव, सरकारी तथा प्रशासनिक सहयोग सीमित हुनु, समयसँगै समाजमा आएको परिवर्तन, पुस्तान्तरण प्रभावकारी रूपमा हुन नसक्नु तथा नयाँ पुस्तामा मेलाप्रति चासो घट्दै जानुजस्ता कारणले आगामी दिनमा मेला सञ्चालन गर्न कठिनाइ हुन सक्नेप्रति सरोकारवालाहरूले चिन्ता समेत व्यक्त गरेका छन् । रात्रिकालीन प्राचीन मेलाको रूपमा परिचित भड्छा मेला अवलोकन गर्न रुपन्देहीसहित कपिलवस्तु, नवलपरासी, दाङलगायतका थारु तथा अन्य समुदायका सर्वसाधारणको उल्लेख्य उपस्थिति रहने गरेको छ ।

'हाम्रो संस्कृति, हाम्रो पहिचान-संस्कृति जगेर्ना गर्ने हाम्रो अभियान' भन्ने मूल नारासहित भड्छा गाउँ समाजको आयोजनामा माघ ३, ४ र ५ गतेसम्म मेला सञ्चालन हुनेछ ।

**रक्तदान कार्यक्रम सम्पन्न**

मेलाको पूर्वसन्ध्यामा मानवीय सेवाको उद्देश्यसहित आयोजित रक्तदान कार्यक्रममा ५४ युनिट रगत संकलन गरिएको छ । उक्त कार्यक्रम भड्छा गाउँ समाज तथा मेला मूल समारोह समितिको आयोजना र नेपाल रेडक्रस सोसाइटी तथा रक्त सञ्चार केन्द्र रुपन्देहीको प्राविधिक सहयोगमा सम्पन्न भएको हो ।



## सम्पादकीय

# सुशासनको मर्ममाथि प्रहार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सम्पत्ति शुद्धीकरण र संगठित अपराध मुद्दा फिर्ता गर्ने गरी संशोधन गर्ने निर्णयले कानुनी शासनको धज्जी उडाएको छ । सत्तामा बस्नेहरुको मनपरीको मारमा ऐन कानुनहरु परेका छन् । सुशासनको चर्को कुरा गर्ने प्रधानन्यायाधीश सुशीला कार्कीले अन्ततः व्यवहारमा सुशासनको मर्ममाथि प्रहार गरेकी छिन् ।

महान्यायाधिवक्ताको कार्यालय भनेको सरकारको कानुनी सल्लाहकार हो । महान्यायाधीवक्ता सविता भण्डारीले सम्पत्ति शुद्धिकरण र संगठित अपराधको मुद्दा संशोधन गर्न जिल्ला सरकारी वकिल कार्यालयलाई स्वीकृतिको निर्णय दिएर लामिछानेलाई उन्मुक्ति दिने योजना हो । यद्यपी उनको मुद्दा संशोधन गर्ने महान्याधिवक्ताको कार्यालयको स्वीकृतिका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । सहकारी ठगीको मुद्दा कायम गरी सम्पत्ति शुद्धीकरण र संगठित अपराधको दाबी हटाएर अभियोगपत्र संशोधन गर्न जिल्ला सरकारी वकिलको कार्यालय कास्कीलाई स्वीकृति दिने निर्णय फौजदारी कार्यविधि संहिताको दफा ३६ अनुसार गरेको दाबी गरिएको छ । तर सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता गर्न फौजदारी कार्यविधि संहिता २०७४ ले कानुनी रूपमै रोक लगाएको छ । फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ को उपदफा २ (क) ले झूटा राहदानी वा नागरिकता, अध्यागमन, भ्रष्टाचार, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध ओसारपसार वा कारोबार, वन्यजन्तुको अवैध सिकार तथा व्यापार, सार्वजनिक उपभोगका वस्तुमा विष मिसाएको, विष प्रयोग गरी वा क्रूर अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको, प्राचीन स्मारक संरक्षणसम्बन्धी मुद्दा र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा फिर्ता गर्न नपाइने उल्लेख छ । फौजदारी कार्यविधि संहितामा सरकारले कस्ता मुद्दा फिर्ता लिन मिल्छ र कस्ता मुद्दा फिर्ता गर्न मिल्दैन भन्ने उल्लेख छ । सम्पत्ति शुद्धिकरणको मुद्दा फिर्ता गर्न नमिल्ने सूचीमा राखिएको छ । सम्पत्ति शुद्धिकरणको मुद्दा फिर्ता गर्ने सूचीमा नभएकोले संशोधन भन्ने शब्द राखेर चलाखी गर्न खोजे पनि अन्ततः फिर्ता नै हो ।

नलगाउनुपर्ने अभियोग लगाएर अन्याय गरेको रहेछ भने त्यसको फैसला गर्ने अधिकार अदालतलाई छ । अदालतले त्यसको निरूपण गर्छ । एकपल्ट लगाएको अभियोग पछि फिर्ता गर्ने निर्णय गर्नु नै दुराशय देखिन्छ । अझ कानुनले नै फिर्ता गर्न नमिल्ने सूचीमा राखेको विषयमा जुन निर्णय भयो, यसले कानुनी सर्वोच्चतामाथि प्रहार भएको छ । विधिको शासनमाथि अंकुश लगाइएको छ । रविलाई सहज बनाइदिन उनीसँगै संगठित अपराध र सम्पत्ति शुद्धिकरणको मुद्दा लागेका जीवी राई र छविलाल जोशीको समेत मुद्दा संशोधनको निर्णयले कानुन र विधिको गम्भीर उल्लंघन भएको छ ।

कानुन भनेको सबैका लागि समान हुनुपर्छ । शक्ति र सत्ताको आडमा कसैलाई नलाग्ने र कसैलाई लाग्ने हुनुहुँदैन । सत्ता अनुकुल हुने बित्तिकै अदालती प्रक्रियामा रहेको विषयलाई हस्तक्षेप गर्ने कुरा पटक्कै सुहाउने विषय होइन् । सरकारका यस्ता क्रियाकलापले आरोपित पक्षलाई राहत मिल्ला, तर कानुन र विधिको अपमान हुन्छ । मुलुकमा अराजकता बढ्छ । सत्ताको दुरुपयोग गर्ने प्रवृत्ति बढ्छ, यस्तो प्रवृत्तिले अन्ततः मुलुकलाई अप्ठ्यारो अवस्थामा पुऱ्याउँछ ।

# राष्ट्रिय एकताको साझा संकल्प



डा. मिलनकुमार थापा

*पृथ्वीनारायण शाहले असली हिन्दुस्थानको परिकल्पना गर्दा यो केवल धार्मिक कुरा थिएन, बरु दक्षिणबाट आउन सक्ने वैचारिक र सांस्कृतिक उपनिवेशविरुद्धको एउटा मनोवैज्ञानिक पर्खाल थियो । अहिलेको सन्दर्भमा यो हाम्रो मौलिक पहिचानको रक्षासँग जोडिएको छ । त्यसैले धार्मिक एवं मौलिक सांस्कृतिक सम्पदा र सम्पन्नतामार्फत् समुन्नतिको जग बसाल्नेतर्फ लाग्नु पर्छ । नेपालको भूराजनीतिक नियति बदल्न सकिँदैन तर यसको व्यवस्थापन पक्कै गर्न सकिन्छ । पृथ्वीनारायण शाहले देखाएको बाटो भनेको डरको बाटो होइन, सतर्कता र स्वाभिमानको बाटो हो । सत्ता र राजनीतिक नेतृत्वले विदेशी शक्तिको सामरिक गोटी बन्नुभन्दा उहाँका दिव्यदर्शनलाई आधुनिक कूटनीतिको औजार बनाउनु आवश्यक छ । राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिने मौन तर दृढ कूटनीति नै नेपालको अस्तित्व रक्षाको एक मात्र विकल्प हो ।*

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्योपदेशमा भनिएको छ, 'घुस दिने र घुस खाने दुवै देशका शत्रु हुन् ।' वास्तवमा राष्ट्रलाई बलियो बनाउने, राष्ट्रियताको प्रवर्धनसँगै आर्थिक समुन्नति र विकासमा आधारशिला निर्माणको नवीनतम् प्रस्थानविन्दु नै सुशासन हो । सुशासनको जगमा समुन्नत नेपाल निर्माण युगीन अभिभारा पूरा गर्न सकिन्छ । भ्रष्टाचारमुक्त राज्य संरचना, सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह नै राष्ट्रलाई नवीन युगमा प्रवेश गराउने मन्त्र हो । वैश्विक राजनीति, वैश्विक अर्थव्यवस्था र समग्र विश्वव्यवस्थाको प्रभाव नेपालमा परे पनि समुन्नति, समृद्धि र सुशासनको प्रभावकारी मौलिक विधिमार्फत देशलाई बस्नलायक बनाउन सकिन्छ । रेमिट्यान्सबाटै धानेको मुलुकको परिभाषा बदलेर रूपान्तरणको नयाँ युग आरम्भ गर्न सकिन्छ । देश र नागरिक पङ्क्तिलाई आर्थिक रूपमा सशक्त बनाएर स्वाभिमानी नेपालीका रूपमा विश्वमाझ बौद्धिक प्रतिस्पर्धामा उभ्याउन सकिन्छ तर यसका लागि देशका शत्रु अर्थात् भ्रष्ट प्रवृत्तिलाई समूल नष्ट गरेर पहिलो खुट्किलोबाटै सुशासनको यात्रा आरम्भ गर्नुपर्ने छ ।

जेनजी पुस्ताको भदौ २३ र २४ गतेको जनआन्दोलनपछि देश प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएको छ । फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको सरकारसँगै निर्वाचन आयोग आन्तरिक तयारीमा जुटेका छन् । राजनीतिक दल पनि समानुपातिक सूची बुझाएपछि प्रत्यक्षतर्फका उम्मेदवार तय गर्न संवादमा छन् । जनआन्दोलनको अगुवाइ गरेका जेनजी अगुवा प्रतिनिधि सभालाई निष्पक्ष, भयरहित, स्वतन्त्र र रूपान्तरित बनाउन रचनात्मक विमर्शमा छन् । समग्रमा देशलाई नवीनतम् गति प्रदान गर्ने युगीन अभिभारा पूरा गर्ने दायित्वबोध गरी अग्रगामी यात्रामा निस्किएका छन् । यही समयमा राजनीतिक दलभित्र रूपान्तरणको बहस पनि उठिरहेकै छ । जसरी बहस उठे पनि, जस्ता तर्कवितर्क भए पनि ती सबै बहसभन्दा माथि देश छ । देशलाई सर्वोपरि मानेर निर्वाचन सफल बनाउँदै रूपान्तरणको आधार तयार गर्नु छ । ढिलोछिटो निर्वाचन हुनु नै थियो, हुन्छ, हुनु पर्छ, तर निर्वाचनपछि प्रतिनिधिसभा कस्तो बन्छ ? नवीनतम् आयाम ल्याउन सक्छ कि सक्दैन ? देश स्थिरताको पथमा अगाडि बढ्छ कि बढ्दैन ? यी प्रश्नको जवाफ खोज्नु पर्छ । अनि निर्वाचनतर्फ एकाकार भएर अगाडि बढ्नु पर्छ ।

**भूराजनीतिक सन्तुलनको सर्त**

नेपालको इतिहासभित्र भूराजनीतिक जटिलतासँग एउटा यस्तो शाश्वत सत्य र संवेदनशीलता लुकेको छ, जसलाई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले अढाई सय वर्षअघि नै 'दुई ढुङ्गाबिचको तरुल' भनेर परिभाषित गर्नुभएको थियो । अहिले विश्व राजनीतिमा विकसित शक्ति सन्तुलनको केन्द्र एसियातर्फ आउँदै गर्दा नेपालको भूराजनीतिक संवेदनशीलता झनै सघन र जटिल बनेको छ । त्यसैले असंलग्न परराष्ट्र नीतिको जगमा भूराजनीतिक सन्तुलनलाई अझै प्रभावकारी र दूरगामी बनाउनु पर्छ । नेपाल केवल दुई विशाल छिमेकी भारत र चीनका बिचमा मात्रै छैन । दुई देशको पुल मात्रै होइन । नेपाल वैश्विक रूपमै शक्ति राष्ट्रहरूको रणनीतिक चासोको चौबाटोमा उभिएको छ । चीनको उदय र उसको 'बेल्ट एन्ड रोड इनिसिएटिभ' मार्फत हिमालय वारपार जोड्ने आकाङ्क्षा छ । भारतको सुरक्षा चासो मात्रै छैन, ऐतिहासिक, धार्मिक, आर्थिक र सांस्कृतिक सम्बन्ध छ । यो सम्बन्ध निकै संवेदनशील छ । संयुक्त राज्य अमेरिका र पश्चिमा शक्ति पनि हाम्रा विकास साझेदार हुन् । कतिपय बहसमा अमेरिकाले 'इन्डो-प्यासिफिक रणनीति' मार्फत् सक्रियता बढाउँदा टकराव बढेको, नेपालको आन्तरिक राजनीति र बाह्य सम्बन्धमा कम्पन आउने जस्ता बहस पनि हुन्छ तर हामीले सबैसँग समदुरीको सम्बन्धका आाधारमा सहकार्य गर्नु पर्छ र सबैसँग मित्रवत् र समदुरीको सम्बन्ध बनाउन सक्नु चुनौतीको कुरा पनि हो ।

भूराजनीतिक टकराबमा पर्न सक्ने खतरा र नेपालले लिनुपर्ने बाटोका सन्दर्भमा विमर्श हुन जरुरी छ । किनभने यो विषय अहिले आएर उठान भएको होइन । पृथ्वीनारायण शाहले अहिलेको सङ्कटलाई २५० वर्षअगाडि नै बुझेको प्रतीत हुन्छ । दिव्य यो उपदेशले नै प्रमाणित गरेको छ । तत्कालीन राजाले दिएका सन्देश मात्रै होइन यो । नेपालका हरेक पुस्ताले हृदयङ्गम गर्नुपर्ने ज्ञानको सार पनि हो । भारत र चीनसँग मैत्री सम्बन्ध राख्ने, समान निकटता, कसैको पक्षधरता नदेखाउने जस्ता विषय अहिले पनि उत्तिकै तार्किक र मननीय छन् । निर्वाचनपछि प्रतिनिधि सभाले बृहत् बहसमार्फत् राज्यलाई छिमेकी र सबै मित्रराष्ट्रबिच समान हैसियतको सम्बन्ध बनाएर देशलाई नवीनतम् आयाम ल्याउन सक्नु पर्छ । जेनजी आन्दोलनको जनादेश पनि यही हो । साथै देश स्थिरताको पथमा अगाडि बढाउनै पर्छ ।

अर्कोतर्फ राष्ट्रनिर्माता शाहले स्वदेशी कपडा बुन्नु, विदेशीलाई देशको पुँजी नदिनु भन्ने भनाइसँग वर्तमानको व्यापार घाटा र परनिर्भरतालाई समाधान गर्ने रामवाण मन्त्र दिएको छ । अर्थतन्त्र बलियो बनाउने, राष्ट्रिय सुरक्षाका लागि भ्रष्टाचारमुक्त समाज अनिवार्य छ । त्यसैले भूराजनीतिक सन्तुलनलाई मिलाएर राष्ट्रिय एकताका लागि साझा सङ्कल्प गर्ने निर्णायक घडीमा हामी छौँ । यस्तो बेला आवेगमा होइन विवेकमा निर्णय गर्नु पर्छ । तर्कमा होइन तथ्यमा निर्णय गर्नु पर्छ । अनि मात्रै देशले निकास पाउँछ । नेपाली जनताको सात दशकदेखिको समुन्नतिको असीम चाहना पूरा हुन्छ । यसका लागि राजनीतिक नेतृत्व र परिवर्तनका पक्षधर शक्ति एकै ठाउँमा उभिएर सङ्कल्प गर्नु पर्छ कि हामी नेपाल राष्ट्रलाई सुन्दर बनाउने छौँ । त्यो सङ्कल्प जनताले विश्वास गर्ने हुनु पर्छ । विश्वजगत्ले भरोसा गर्ने हुनु पर्छ । आर्थिक क्षेत्रले नयाँ अठोट लिने हुनु पर्छ । अनि मात्रै राष्ट्रिय सङ्कट निवारणको नयाँ आभा प्रस्फुटित हुने छ । देशमा रूपान्तरणको युग आरम्भ हुन्छ ।

**राष्ट्र र राष्ट्रिय एकता**

बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय समाजमा सहअस्तित्व स्वीकार गर्दै एकताबद्ध भएर राष्ट्रका समस्या समाधान गर्नुपर्ने दायित्व पनि हामीसामु छ । राष्ट्रनिर्माण पृथ्वीनारायण शाहले भने झैँ 'चार जात ३६ वर्णको साझा फूलबारी' नेपालीलाई अझै परिस्कृत र सम्पन्न बनाउने अठोट लिनु पर्छ । राष्ट्रलाई बलियो बनाउने सूत्र नै राष्ट्रियता र राष्ट्रिय एकता हो । त्यसैले आन्तरिक एकता र सुशासनमार्फत् देश र नागरिकका आकाङ्क्षा सम्बोधन गर्नु छ । हामी अब निष्क्रिय भएर बस्ने समय छैन ।

नेपालले अब 'बफरजोन' बाट आफूलाई विकासको पुलमा रूपान्तरण गर्न सक्नै पर्छ, तर यो पुल बन्ने प्रक्रियामा कसैको छाताभित्र पस्नु हुँदैन, कसैको भरोसामा बस्नु पनि हुँदैन । सामरिक सुरक्षाको पहिलो सर्त अर्थतन्त्रको सबलपन हो । जबसम्म नेपालले आफ्नै स्रोतसाधनको बलमा खुट्टा टेक्दैन, तबसम्म बाह्य अनुदान र ऋणसँगै आउने सर्तले हाम्रो सार्वभौमिकतालाई थिचिरहने छ ।

पृथ्वीनारायण शाहले असली हिन्दुस्थानको परिकल्पना गर्दा यो केवल धार्मिक कुरा थिएन, बरु दक्षिणबाट आउन सक्ने वैचारिक र सांस्कृतिक उपनिवेशविरुद्धको एउटा मनोवैज्ञानिक पर्खाल थियो । अहिलेको सन्दर्भमा यो हाम्रो मौलिक पहिचानको रक्षासँग जोडिएको छ । त्यसैले धार्मिक एवं मौलिक सांस्कृतिक सम्पदा र सम्पन्नतामार्फत् समुन्नतिको जग बसाल्नेतर्फ लाग्नु पर्छ । नेपालको भूराजनीतिक नियति बदल्न सकिँदैन तर यसको व्यवस्थापन पक्कै गर्न सकिन्छ । पृथ्वीनारायण शाहले देखाएको बाटो भनेको डरको बाटो होइन, सतर्कता र स्वाभिमानको बाटो हो । सत्ता र राजनीतिक नेतृत्वले विदेशी शक्तिको सामरिक गोटी बन्नुभन्दा उहाँका दिव्यदर्शनलाई आधुनिक कूटनीतिको औजार बनाउनु आवश्यक छ । राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिने मौन तर दृढ कूटनीति नै नेपालको अस्तित्व रक्षाको एक मात्र विकल्प हो ।

**संकल्प गरौँ– हामी देश बनाउँछौँ**

जेनजी जो प्रविधि र भूमण्डलीकरणको तीव्र लहरमा हुर्किएको छ । जेनजीले दिव्योपदेशको मर्मलाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्नु अपरिहार्य छ । पृथ्वीनारायण शाहले आफ्नो अन्तिम समयमा व्यक्त गरेका अनुभवसिद्ध विचारको सँगालो 'दिव्योपदेश' केवल एक ऐतिहासिक दस्तावेज मात्र होइन, यो नेपालको भूराजनीति, अर्थतन्त्र र समाजशास्त्रको एक शाश्वत सूत्र हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ । नेपालको आत्मनिर्भरता र कूटनीतिक सन्तुलनको मूल मर्म 'नेपाल दुई ढुङ्गाबिचको तरुल हो' भन्ने उहाँको यथार्थबाट नै गुज्रिएको छ । यसले भौगोलिक अवस्थितिसँगै दुई विशाल अर्थतन्त्र र विचारधाराका बिचमा कसरी आफ्नो अस्तित्व र विशिष्टता जोगाउने भन्ने कुरालाई इङ्गित गरेको छ । दिव्योपदेश अहिलेको व्यापार घाटा न्यूनीकरण र स्थानीय उत्पादन प्रवर्धनको प्रारम्भिक अवधारणादेखि 'सबै जातको फूलबारी' को अर्थ समावेशी राज्यप्रणालीको अवधारणा थियो, जो अहिलेको लोकतान्त्रिक गणतन्त्रमा सबैको पहिचान र प्रतिनिधित्वको सुनिश्चितताको जग हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ ।

जेनजी सूचनाको हक, व्यक्तिगत स्वतन्त्रता र विश्वव्यापी अवसरको खोजीमा छ । यो पुस्तामा परम्परागत राजनीतिप्रति वितृष्ण छ तर देशको समृद्धिका लागि भोको छ । जेनजीले पृथ्वीनारायण शाह र उहाँको दिव्योपदेशको राष्ट्रवादलाई केवल सिमानासँग मात्र जोड्नु हुँदैन । बरु दिव्योपदेशको आत्मनिर्भरताको आर्थिक दृष्टिकोणलाई सफ्टवेयर, नवीनता र विश्वबजारमा नेपाली ब्रान्डको उपस्थितिसँग जोड्नु पर्छ । यो पुस्ताले केवल एकपक्षीय भक्तिमा विश्वास गर्नु हुँदैन । यसले दिव्योपदेशलाई पनि किन र कसरी भन्ने तर्कको कसीमा राखेर अहिलेको विज्ञानको विकाससँग जोडेर हेर्न जान्नु र सक्नु पर्छ । नेपालका राजनीतिक दल र सरकारले दिव्योपदेशलाई केवल पुज्ने मात्र होइन, यसलाई नीतिगत तहमा रूपान्तरण गर्न आवश्यक छ । दलहरूले केवल वैदेशिक सहायता र रेमिट्यान्समा आधारित अर्थतन्त्रको साटो स्थानीय कच्चा पदार्थ र प्रविधिमा आधारित उद्योगको नीति ल्याउनु पर्छ । पृथ्वीनारायणले भने झैँ दुवै छिमेकीसँग समान सम्बन्ध राख्नु विश्व शक्ति सङ्घर्षमा नेपालको अस्तित्व रक्षाको मूल मन्त्र हुनु पर्छ । गोपबाट

# 'कार्डियाक अरेस्ट' : यस्तो छ सुतेकै अवस्थामा मृत्यु हुनुको कारण

इन्डियन आइडल विजेता एवम् चर्चित गायक प्रशान्त तामाङको पुस २७ गते बिहान सुतिरहेको अवस्थामा मृत्यु भयो । बिहान उठ्दा शरीर चिसो भएको देखेर उनकी श्रीमतीले अस्पताल लगेकी थिइन् । अस्पताल पुग्दा चिकित्सकले मृत्यु भएको बताए । चिकित्सकले 'कार्डियाक अरेस्ट' अर्थात् अचानक मुटु बन्द भएर उनको मृत्यु भएको बताए ।

गत कार्तिक १४ गते नेकपा एमाले निकट मजदुर संगठन नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का केन्द्रीय उपाध्यक्ष कमल गौतम मञ्चमा उभिएर भाषण गरिरहेका थिए । तर, ६५ वर्षीय गौतमको त्यो भाषण अधुरै रह्यो । बोल्दाबोल्दै अचानक भुइँमा ढले । तुरुन्तै नजिकै रहेको मणिग्रामस्थित क्रिमसन अस्पताल लगियो । अस्पताल पुग्नुअगाडि नै उनको मृत्यु भइसकेको थियो । चिकित्सकले मृत्युको कारण कार्डियाक अरेस्ट भने ।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डका छोरा प्रकाश दाहालको पनि सुतेको स्थानमा नै मृत्यु भएको थियो । २०७४ मंसिर ३ गते मृत्यु भएको उनको कार्डियाक अरेस्ट भएको चिकित्सकले जनाएका थिए । भारतकी पूर्वविदेशमन्त्री एवम् भारतीय जनता पार्टीकी वरिष्ठ नेता सुष्मा स्वराजको निधन पनि कार्डियक अरेस्टकौ कारण भएको थियो ।

पछिल्लो केही वर्षमा नेपालमा मात्रै नभई विश्वभर नै 'हिँड्दै गर्दा ढलेर मृत्यु भयो', 'सुतिरहेकै अवस्थामा मृत्यु', 'जिम गइरहेका युवा अचानक बेहोस भएर मृत्यु' जस्ता घटना धेरै सुनिन थालेका छन् । यसरी अचानक हुने मृत्युलाई प्रायः हृदयाघात भनेर बुझिन्छ, तर चिकित्सकहरूका अनुसार यथार्थ फरक छ । धेरैजसो यस्ता घटनाको वास्तविक कारण 'कार्डियाक अरेस्ट' भएको उनीहरूको भनाइ छ । यस्तो अवस्थालाई चिकित्सकीय भाषामा 'सडेन कार्डियाक डेथ' भनिन्छ । हृदयाघात भनेको मुटुमा जाने धमनी (कोरोनरी आर्टरी) बन्द भएर मुटुको मांसपेशीमा अक्सिजन पुग्न बन्द हुनु हो । हृदयाघात भएको व्यक्ति बोल्न, हिँड्न, अस्पताल पुग्न सक्छ । हृदयाघात भएको १२ घण्टासम्म अस्पताल पुग्दा पनि बिरामीलाई बचाउन सकिन्छ ।

कार्डियाक अरेस्ट भनेको मुटुको चाल नै बन्द हुनु हो । यस अवस्थामा मुटुले रगत पम्प गर्न सक्दैन र व्यक्ति बेहोस भएर तुरुन्त ढल्छ र केही मिनेटमै मृत्यु हुन सक्छ । चिकित्सकका अनुसार कार्डियाक अरेस्ट हृदयाघातभन्दा पनि खतरनाक अवस्था हो ।

**के हो कार्डियाक अरेस्ट ?**

मुटुरोग विशेषज्ञ डा. सहदेव ढुंगानाका अनुसार कार्डियाक अरेस्ट भनेको मुटु बन्द हुनु हो । कार्डियाक शब्दले मुटुलाई जनाउँछ र अरेस्ट भनेको रोकिनु वा बन्द हुनु हो । जब मुटुको विद्युतीय प्रणाली बिग्रन्छ, मुटुको चाल अनियमित हुन्छ र मुटुले रगत पम्प गर्न सक्दैन, त्यही अवस्थालाई कार्डियाक अरेस्ट भनिन्छ ।

मुटु हाम्रो यस्तो महत्वपूर्ण अंग हो, जुन अहोरात्र चलिरहन्छ । मुटुले हरेक सेकेन्ड एक छिन पनि नरोकीकन अशुद्ध रगत लिएर शुद्ध रगत प्रवाह गर्दछ, शरीरमा । विभिन्न अंगमा भएका कोषिकाहरूलाई पौष्टिक तत्व र अक्सिजन पठाउने काम गर्छ । यसको चाल बन्द भयो, अर्थात् मुटु बन्द भयो भने कार्डियाक अरेस्ट हुन्छ ।

मुटुको चाल अवरुद्ध हुनेबित्तिकै मानिसको मृत्यु हुन्छ । केही मिनेटसम्म मस्तिष्कमा रगत पुगेन र अन्य अंगमा रगत पुगेन भने अंग मर्न थाल्छन् । अनि बिरामीको मृत्यु हुन्छ ।

डा. ढुंगानाका अनुसार त्यसका लागि मुटुको समस्या हुनुपर्छ भन्ने छैन । शरीरका अन्य अंग बिग्रिएर पनि कार्डियाक अरेस्ट हुन्छ । कुनै संक्रमण शरीरमा फैलियो, मस्तिष्क, कलेजो, फोक्सोमा समस्या भएर विभिन्न अंग 'फेल' भयो भने वा क्यान्सर भयो भने पनि कार्डियाक अरेस्ट हुन्छ ।

'सबै कारणले अन्तिममा हुने भनेको कार्डियाक अरेस्ट नै हो । कुनै पनि मानिसको मृत्यु हुन मुटु रोकिनै पर्छ,' डा.ढुंगानाका भन्छन्-'हृदयाघातपछि पनि कार्डियाक अरेस्ट हुन सक्छ । हृदयाघात हुनु भनेको मुटुको नली अवरुद्ध भएर मुटुको नसा ड्यामेज भएर हुन्छ । सो क्रममा मुटु फेल हुनु अथवा चाल अनियमित भएर मुटु नै बन्द हुन्छ र यस्तो अवस्थामा कार्डियाक अरेस्ट हुन्छ ।'

डा.ढुंगाना हृदयाघातका कारण हुने कार्डियाक अरेस्टलाई भने केही हदसम्म बचाउन सकिने बताउँछन् । हृदयाघातका कारण कार्डियाक अरेस्ट भएका ५० प्रतिशत व्यक्तिको घरमा र अस्पताल नपुग्दै मृत्यु हुन सक्छ । कोही व्यक्तिलाई तत्काल सीपीआर दिएर बचाउन सकिन्छ । हाम्रो शरीरको सबै अंग मस्तिष्कले नै चलाउँछ, मस्तिष्कलाई रगत पुऱ्याउने काम मुटुले गर्छ । मुटुको काम बन्द हुने बितिकै मस्तिष्कले काम गर्न सक्दैन र मानिसको तत्काल मृत्यु हुन्छ ।

मुटुले निरन्तर रगतलाई अक्सिजनसहित शरीरका सबै अंगसम्म पुऱ्याइरहेको हुन्छ । जब कार्डियाक अरेस्ट हुन्छ, मुटुले अचानक यो काम गर्न छोड्छ । त्यसको असर केही सेकेन्डमै मस्तिष्कमा देखिन थाल्छ । जसकारण व्यक्ति अचानक बेहोस हुन्छ, श्वास रोकिन्छ र शरीरमा अक्सिजनको आपूर्ति बन्द हुन्छ । ३ देखि ५ मिनेटभित्र मुटुले रगत पम्प गर्न सकेन भने मस्तिष्क स्थायी रूपमा क्षतिग्रस्त हुन्छ र मानिसको मृत्यु हुन्छ ।

मुटु बन्द हुने बित्तिकै शरीरका कुनै पनि अंगले काम गर्न सक्दैन । तर कतिपय अवस्थामा अन्य अंग 'ड्यामेज' भएर पनि मुटु चलिरहेको हुन्छ । सो अवस्थामा मस्तिष्क मृत्यु भए पनि मुटु चलिरहेको हुन्छ । मानिसको मृत्यु हुन मुटु बन्द नै हुनु पर्छ । कार्डियाक अरेस्ट हुँदा केही सेकेन्ड मात्र असहज हुने बित्तिकै व्यक्ति बेहोस भएर लड्छ । केही व्यक्तिमा हिँड्दा छाती दुख्ने, स्वाँस्वाँ हुने लक्षण देखिन्छ । तर, धेरै व्यक्तिमा कुनै लक्षण नै नदेखिई अचानक ढल्ने सम्भावना हुने डा ढुंगाना बताउँछन् ।

यस्तै मधुमेह, कोलेस्ट्रोल, उच्च रक्तचाप, मोटोपनको समस्या भएका व्यक्ति बढी जोखिममा हुने हुँदा उनीहरूले विशेष सावधानी अपनाउनुपर्छ । अस्वथकर खानपान, मोटोपनाको समस्याका कारण हाल ४० वर्षभन्दा कम उमेरमा नै यस्ता समस्या देखिन थालेको उनी बताउँछन् । जोखिमका तत्व १८-२० वर्षको उमेरदेखि नै देखिने थालेकाले सन्तुलित जीवनशैली अपनाउन उनी सुझाव दिन्छन् ।

तौल बढ्दा कोलेस्ट्रोल, उच्च रक्तचाप हुन्छ र त्यसले मुटुको धमनीलाई साँघुरो पार्छ । मुटुको कारण बाहेक संक्रमण र कुनै पनि दीर्घकालीन रोगले पनि कार्डियाक अरेस्ट हुन्छ ।

दीर्घकालीन रोग भएका व्यक्तिले विशेष सावधानी अपनाउनुपर्छ । यस्ता व्यक्तिको जोखिमका तत्वलाई न्यूनीकरण गर्नुपर्छ । स्वस्थ खाना खाने, शरीरलाई सक्रिय राख्ने, धुम्रपान, मद्यपान सेवन नगर्ने, फाइबरयुक्त खाना खाने, बोसोजन्य खाना नखाने, सन्तुलित पोषणयुक्त खाना खाने गर्नुपर्छ । यसले रोगसँग लड्ने प्रतिरोधात्मक शक्ति बढाउँछ ।



**दुना टपरी बुन्ने, धुप बाट्ने र बच्चाको कपडा बुन्ने प्रतियोगिताः**

म्याग्दीको बेनीमा शनिबार दुना टपरी बुन्ने, धुप बाट्ने र बच्चाको कपडा बुन्ने प्रतियोगितामा सहभागी हुँदै उद्यमीहरु। म्याग्दी उद्योग वाणिज्य सङ्घअन्तर्गतको महिला उद्यम विकास समितिले माघे संक्रान्तिको अवसरमा परम्परागत मौलिक सिपको संरक्षण गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको हो। तस्विर : सन्तोष गौतम/रासस

# तिनाउ खेल महोत्सवमा विभिन्न प्रतियोगिता



बुटवल। तिनाउ बोर्डिङ् स्कूलमा जारी खेल महोत्सवअन्तर्गत शनिबार विभिन्न प्रतियोगिताहरु सम्पन्न भएका छन्।

सिनियर सर्टपुटअन्तर्गत निरज थापा प्रथम, दिवस राशि द्वितीय र प्रिन्स लामिछाने तृतीय, अन्तर सदनात्मक जुनियर रिले दौडमा हरियो सदन प्रथम भएको छ। दोश्रो पहेंलो सदन भएको छ। यसैगरी रिले दौड जुनियर छात्रामा सुहाना बस्नेतको समूह प्रथम तथा निलो सदनले दोश्रो भए। २०० मिटर दौड सिनियर (छात्र) अन्तर्गत अस्मित डम्मरपाल प्रथम, प्रसिल सुनार द्वितीय र प्रिन्स लामिछाने तृतीय भए। यसैगरी सिनियर (छात्रा)मा आकृति महत प्रथम, सम्झना भण्डारी द्वितीय र कृति खत्री तृतीय भए। यसैगरी डबल व्याडमिन्टन सिनियर (छात्र) खेलमा आयुष ज्ञवाली र शुभम् चालिसे प्रथम, रञ्जन गाहा र निर्जल तिवारी द्वितीय साथै अनमोल सिंजाली र सुसान पुन तृतीय साथै जुनियर (छात्र) अन्तर्गत जनम सुनार र अव्सन राना प्रथम तथा कुशल थापा र आरुष थापा द्वितीय साथै प्रतिक कार्की र प्रत्युष पन्थी तृतीय हुन सफल भए। डच बल खेल सिनियर (छात्रा) अन्तर्गत हरियो सदन प्रथम भएको छ। साथै रातो सदन द्वितीय भएको छ। कबड्डी जुनियर (छात्रा) अन्तर्गत रातो सदन प्रथम भएको छ। द्वितीय स्थान हरियो सदन भएको छ।

यसैगरी लङ जम्प सिनियर (छात्र) अन्तर्गत दिवश राना प्रथम, अब्दुल रसिद द्वितीय, प्रिन्स लामिछाने तृतीय भए। हाई जम्प सिनियर (छात्र) अन्तर्गत अभिनव ज्ञवाली प्रथम, शिशिर बि.के द्वितीय र रिशभ भण्डारी तृतीय भए। तेक्वान्दो खेलअन्तर्गत छात्रा पुम्से सिनियरमा गरिमा रायमाझी प्रथम, प्रियन्सी पराजुली तृतीय भए। छात्र पुम्से सिनियरमा सिर्जना श्रेष्ठ प्रथम, सुगम अर्याल द्वितीय र युजन सारु तृतीय भए। यसैगरी छात्र पुम्से जुनियर मा आयुष खत्री प्रथम, क्रिसुल कंडेल द्वितीय र अविशेक थापा तृतीय भए। छात्रा जुनियर अन्तर्गत आसिन थापा प्रथम, तोनुजा दर्नाल द्वितीय र ज्योसना अस्लामी तृतीय भए। यसैगरी तेक्वान्दो छात्र कक्षा सव जुनियरमा सुगम अर्याल प्रथम, आदित्य खनाल द्वितीय र अभिशेक थापा तृतीय भए।

छात्र जुनियरमा युएन सारु प्रथम, क्रिसुल कंडेल द्वितीय र रञ्जन गाहा तृतीय भए। छात्रा जुनियरमा प्रियन्सी पराजुली प्रथम, सदीक्षा पचभैया द्वितीय र गरिमा रायमाझी तृतीय भए। छात्र सिनियरअन्तर्गत सिर्जन श्रेष्ठ प्रथम, सुकुमार रोका द्वितीय र सुमन बराल तृतीय भए साथै छात्रा सिनियरमा तोनुजा दर्नाल प्रथम, प्लेनमा कठायत द्वितीय र कृषा ढेंगा तृतीय स्थान हासिल गर्न सफल भए। लङ जम्प सिनियर छात्राअन्तर्गत आकृति महत प्रथम, प्रशिद्धि बस्नेत द्वितीय र सञ्जना घर्ती तृतीया भए।

हाई जम्प छात्रामा आकृति महत प्रथम, सलिना सारु द्वितीय र सम्झना भण्डारी तृतीय स्थान हासिल गर्न सफल भए। सिनियर छात्रअन्तर्गत डोरी तान्ने खेलमा रातो सदन प्रथम र द्वितीय स्थानमा निलो सदन भयो। यसैगरी ज्याभ्लीन थ्रो सिनियर छात्रअन्तर्गत निरज थापा प्रथम, दिवश राना द्वितीय र अव्सन सुनार तृतीय तथा छात्रा अन्तर्गत सुमिधा बज्राचार्य प्रथम, ईशा पोखरेल द्वितीय र एन्जिला श्रेष्ठले तृतीय स्थान हासिल गर्न सफल भए। विगिनर्स खेलअन्तर्गत इन आउट खेलअन्तर्गत मन्टेश्वरीमा अध्ययनरत आर्यन पोखरेल प्रथम, अनुज कार्की द्वितीय र अनमोल पौडेल तृतीय, तथा बेलुन ब्लास्ट खेलमा शिशिर दर्लामी प्रथम, उज्ज्वल आर. मगर द्वितीय आश्भी चापागाईं तृतीय, नर्सरी इन आउट खेलमा अनन्या चौधरी प्रथम, प्रिन्स खनाल द्वितीय र सुशान्त परियार तृतीय,रन एण्ड कलेक्टिङ थिङ्स खेलमा युनिक रेग्मी प्रथम, जेनिसा श्रीस द्वितीय र सिद्धान्त गौचन तृतीय, ए. ल. केजी इन आउट खेलमा एरिका बलाल प्रथम, सुरभी भुसाल द्वितीय र संयोग सोमै तृतीय भएका छन्।।

खेल इञ्चार्ज सुन्दर बेलबासे र जीवन आचार्यको नेतृत्वमा खेलहरु सम्पन्न भएका छन्। क्ल्याप एण्ड पिक द थिङ्स अप खेलमा लिब्या पाण्डे प्रथम, एरिका बलाल द्वितीय र अविसा थापा तृतीय, यु. केजी क्ल्याप एण्ड पिक अप खेलमा अस्टिन पुन प्रथम, कृपम पराजुली द्वितीय र सुविक्षा थापा तृतीय, इन आउट खेलमा प्रिन्स चौधरी प्रथम, सुविक्षा थापा द्वितीय र नईश्मा दर्लामी तृतीय, कक्षा एक इन आउट खेलमा नईशा घिमिरे प्रथम, निर्यज्ञ सोमै द्वितीय र प्रिन्सा खनाल तृतीय तथा म्युजिकल चेयर खेलमा देव्यान्सु पाण्डे प्रथम, नईश्मा घिमिरे द्वितीय र अरुणा पौडेलले तृतीय स्थान हासिल गर्न सफल भएका छन्।

यसैगरी सब जुनियर ( २,३,४) अन्तर्गत प्यारामिड विथ ब्यालुन खेलमा आदित्य परियार (४) प्रथम, सक्षम पौडेल (३) द्वितीय र ध्रुव सुनार(२) तृतीय साथै टफी बाइट खेलमा आरुसी खनाल(४) प्रथम, समर्पण बि.के(३) द्वितीय र युनिक कडेंल(२) तृतीय तथा हट पोटाटो खेलमा अङ्किता सुनार(२) प्रथम, निभ्या क्षेत्री(४) द्वितीय र सुशान्त भट्टराई(३)ले तृतीय स्थान हासिल गर्न सफल भएका छन्। खेल महोत्सव आज आइतबार समापन हुने विद्यालयकी प्राचार्य सीता पाण्डेले जानकारी दिइन्।

# छ महिनामा ३९ अर्ब बढीको वैदेशिक लगानी प्रतिबद्धता




बुटवल। मुलुकको विकास साझेदारहरूबाट चालु आर्थिक वर्षको प्रथम छ महिनामा रु ३९ अर्ब २३ करोड ६१ लाख ६४ हजार बराबरको वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ।

उद्योग विभागले सार्वजनिक गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी मासिक प्रतिवेदनअनुसार चालु आवको छ महिनामा ४७५ वटा उद्योगमा रु ३९ अर्ब, चालु आवको पहिलो तीन महिनामा ३११ वटा उद्योगमा रु ३५ अर्ब १३ करोड ७७ लाख ८६ हजार बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको थियो।

चालु आवमा सात वटा ठूला, आठ वटा मध्यम र ४६० वटा साना उद्योगमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको तथा गत पुसमा ३६ वटा साना उद्योगमा रु पाँच अर्ब ९९ करोड ५० लाख बराबरको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको प्रतिवेदनमा जनाइएको छ।

प्रत्यक्ष वैदेशिक लगानीको हालसम्मको कुल प्रतिबद्धता भने सात हजार ७१३ वटा उद्योगमा रु छ खर्ब ७५ अर्ब ४३ करोड ३३ लाख बराबर रहेको छि।

बितेका छ महिनामा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धतामा सबैभन्दा बढी सूचना प्रविधिमूलक क्षेत्रका २५७ वटा उद्योगका लागि रु एक अर्ब सात करोड ८४ लाख ८६ हजार छ। रकमका आधारमा भने कृषिमूलक क्षेत्रका १३ उद्योगमा रु २१ अर्ब ८८ करोड ८० लाख बराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ।

पर्यटनमूलक क्षेत्रका १४५ उद्योगमा रु १० अर्ब ५४ करोड २० लाख ५० हजार, उत्पादनमूलक क्षेत्रका २७ उद्योगमा रु दुई अर्ब तीन करोड २३ लाख, ऊर्जामूलक क्षेत्रको एउटा उद्योगमा रु १८ करोड ४२ लाख ५० हजार, खनिज क्षेत्रको एउटा उद्योगमा रु चार करोड ५० लाख र सेवामूलक क्षेत्रका ३१ उद्योगमा रु तीन अर्ब ४६ करोड ६० लाख बराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता भएको विवरणमा उल्लेख छ।

# प्रशासनिक भवन निर्माण अन्तिम चरणमा

राँझा। बाँकेको खजुरा गाउँपालिका-३ बीगाउँमा निर्माणाधीन गाउँपालिका प्रशासनिक भवनको निर्माण अन्तिम चरणमा पुगेको छ।

गाउँपालिकाले यही माघ महिनाभित्र भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले बताए। हालसम्म भवनको ८८ प्रतिशत निर्माणकार्य पूरा भइसकेको छ। समयमै काम सक्न निर्माण व्यवसायीलाई निरन्तर ताकेता र अनुगमन भइरहेको उनले जानकारी दिए।

उनका अनुसार, प्रशासनिक भवनको अधिकांश संरचनात्मक निर्माणको काम सकिएर अब विवरणात्मक काम मात्र बाँकी छन्। विद्युत्, वाइरिङ, पानी निकासजस्ता प्राविधिक संरचना जडानको काम भइरहेको छ।

रु पाँच करोड ३६ लाख चार हजार ८१५ लागतमा एम के जुगल जेभीले यो भवन निर्माण गरिरहेको छ। गाउँपालिका अध्यक्ष डम्बर विकले नयाँ भवन सञ्चालनमा आएपछि नागरिकले सबै सेवा सहज रूपमा प्राप्त गर्ने बताए।

"यो भवन प्रशासनिक आवश्यकता मात्र नभई नागरिकसँगको प्रत्यक्ष सम्बन्धको आधार पनि हो", अध्यक्ष विकले भने-"हाल साविकको बागेश्वरी गाविसको पुरानो भवनबाट सेवा दिँदै आएको गाउँपालिका नयाँ भवन सरेपछि पुरानो संरचना लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई हस्तान्तरण गर्ने तयारी समेत गरेको छ।"

समयमै काम सम्पन्न गर्नको लागि नियमित अनुगमन र निर्माण व्यवसायीसँग समन्वय गरिरहेको गाउँपालिकाका अध्यक्ष विकको भनाइ छ। प्रशासनिक भवन नहुँदा खजुरा गाउँपालिकाले अलग-अलग स्थानमा विषयगत शाखा सञ्चालन गर्दै आएको छ।

गाउँपालिकाको केन्द्र बी गाउँमा करिव चार बिगाह बढी क्षेत्रफल जमिनमा गाउँपालिकाको प्रशासनिक भवन निर्माण भइरहेको छ। गाउँपालिकाको प्रशासनिक भवन निर्माण सँगसँगै बीगाउँ क्षेत्रमा व्यापारिक तथा व्यावसायिक चहलपहल बढ्दै गएको खजुरा-३ का वडाध्यक्ष पूर्णबहादुर भण्डारीले जानकारी दिए।


## शुद्धोदन गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**शुद्धोदन गाउँपालिका वडा नं. ३ मा पर्ने तिनाउ नदीको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थको व्यवस्थापन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/१०/०४)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नामः शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःsuddhodhanrmun@gmail.com,<br>वेबसाईटः https://suddhodhanmunrupandehi.gov.np/<br>फोन नं.: +०७१-४२३०४० |
| प्रस्तावको व्यहोरा | शुद्धोदन गाउँपालिका वडा नं. ३ मा पर्ने तिनाउ नदीको बाँसघारी घाट र सखुवानी घाट बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा नदिजन्य पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिका वडा नं. ३ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शुद्धोदन गाउँपालिका ३ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ०७१-४२३०४० |
| परामर्शदाताको नाम र ठेगाना | नेपाल सेन्टर फर इन्भाइरोमेन्टल रिसर्च प्रा. लि., ललितपुर- ०९<br>ncernepal@gmail.com, फोन नं. ९८४३१४०८६५ |



## शुद्धोदन गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**शुद्धोदन गाउँपालिका वडा नं. १ क्षेत्राधिकार भइ बग्ने इंगुरिया खोलाको विभिन्न बगर क्षेत्रबाट नदीजन्य पदार्थको व्यवस्थापन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी**

### सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/१०/०४)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिकाद्वारा देहाय बमेजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय<br>ठेगानाः मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>ईमेलःsuddhodhanrmun@gmail.com,<br>वेबसाईटः https://suddhodhanmunrupandehi.gov.np/<br>फोन नं.: +०७१-४२३०४० |
| प्रस्तावको व्यहोरा | शुद्धोदन गाउँपालिका वडा नं. १ मा पर्ने इंगुरिया खोलाको बेलहिया घाट बगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपमा नदिजन्य पदार्थको व्यवस्थापन कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | रुपन्देही जिल्ला, शुद्धोदन गाउँपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न शुद्धोदन गाउँपालिका १ नं वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लिखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री शुद्धोदन गाउँपालिका, मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश<br>suddhodhanrmun@gmail.com, फोन नं. ०७१-४२३०४० |
| परामर्शदाताको नाम र ठेगाना | टाइम्स सोलुसन प्रा. लि., तिलोत्तमा - ०२<br>times.solution81@gmail.com, फोन नं. ९८६७१८९०५१ |



## लायन डिष्टिलरी प्रा.लि.
### सुनवल न.पा. २, नवलपरासी

### मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्रान्डका मदिराहरु नपाल अधिराज्य भित्र विक्री वितरण गर्न आ.ब.०८२/०८३ को लागि मिति २०८२/१०/०४ गते देखि लागू हुने गरी निम्न बमोजिमको मूल्य कायम गरिएको हुँदा सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ब्राण्डको नाम | यू.पि. | एम. एल | डिलर मूल्य | डिलर कमिसन | होलसेल मूल्य | होलसेल कमिशन | रिटेल मूल्य | रिटेल कमिशन | उपभोक्ता मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति कार्टून | प्रति बोत्तल |
| कसमिस सौफ,जलवा, गोल्डेन कोलालि सोफि, लायन्स किसमिस, LION'S किसमिस सौंफ | ७० | ३०० | १०५०.९० | १६.९५ | १०६७.८५ | १६.९५ | १०८४.८० | २३५.२० | १३२०.०० | ४४.०० |
| ८००० हिमचूली | ७० | ३०० | ११६९.५५ | २८.२५ | ११९७.८० | २८.२५ | १२२६.०५ | ४२३.९५ | १६५०.०० | ५५.०० |
| LION'S BOBBY, जेट ,Black Tiger, Wild Tiger | ७० | ३०० | १२३१.७० | ३३.९० | १२६५.६० | ३३.९० | १२९९.५० | ५००.५० | १८००.०० | ६०.०० |
| LION'S LOVE , JALPARI EXTRA DRY | ७० | ३०० | ११७५.२० | २८.२५ | १२०३.४५ | २८.२५ | १२३१.७० | २६८.३० | १५००.०० | ५०.०० |

नोट : उल्लेखित मूल्यमा अन्तःशुल्क,मू.अ.कर,समावेश गरिएको छ ।



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

### रुपन्देही निर्वाचन प्रहरी:

# अधिकांश जेनजी पुस्ता

## ४ हजार ४ सय ९७ जना माग, ६ हजार ८ सय १४ को आवेदन



**मोहम्मद हबिब**

*भैरहवा*

बुटवल १२ दुर्गा नगरका सुदिप कुँवर जिल्ला प्रहरी कार्यालय अगाडि भेटिन्छन्, उमेरले जेनजी पुस्ता रहेका उनी निर्वाचन प्रहरी भर्नाका लागि आवेदन दिन आएका हुन् । बेरोजगार रहेका उनी देशको सेवा गरौं र प्रहरीको अनुभव लिने उद्देश्यले भनेर यस पटक बर्दी नै लगाउने भनेर आवेदनका लाइनमा थिए । पहिला लेखापालको काम गरिरहेका उनी अहिले वैदेशिक रोजगारको प्रयासमा छन्, बाहिरको पनि आवेदन दिएकोले खाली समयमा देशमै योगदान दिने भनेर यहाँ आएका हुन् । उनले जेनजीहरुले यो निर्वाचन गराएकोले देशलाई निकास दिनका हामीले पनि सहयोग गर्नुपर्छ भनेर पनि आवेदन दिन आएको सुनाए ।

यस्तै सियारी ७ का प्रविन पराजुलीको भनाइ पनि आर्थिक अवस्था कमजोर भएकोले केही समयमा केही आम्दानी पनि हुने र राज्यको सेवा हुने भएकोले आवेदन दिएको बताए । प्रहरी सेवाको के-कस्तो जिम्मेवारी हुन्छ, अनुभव बटुल्न पहिलो पटक फारम भरेको उनले जनाए । उनी थप्छन्-'देशमा अहिले बेरोजगार धेरै रहेको यो भिडले देखिन्छ, बिहानै आएको हो लाइन हेरेर घर जाने विचार भयो पछि साथीको सहयोगले आवेदन दिएको हो ।'

लक्ष्मी केसी अर्घाखाँचीबाट आएर आवेदन दिइन । उनले प्रहरी हुने सपना भएकोले अनुभव लिनका लागि पनि आवेदन दिएको बताइन् । जेनजी पुस्ताकै उनी देशका लागि केही गर्नुपर्ने मनासय राखेर आएको बताइन् ।

घर खाली बस्नुभन्दा यहाँ आएर देशको सेवा गरौं केही समय भनेर आवेदन दिन आएको मुर्गियाकी रोशनी पुन मगरले बताइन् । काम पाएको बेला काम गर्नुपर्छ, म पनि सवल छु भन्नका लागि पनि आवेदन दिएको उनी बताउँछिन् ।

यी त उदाहरण हुन निर्वाचन प्रहरीका लागि अहिले यस्ता सयौं युवाहरु लामबद्ध रहेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीमा ४ हजार ४ सय ९७ जना निर्वाचन प्रहरी गरिंदैछ ।

जिल्लामा स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी एकीकृत (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो । निर्वाचनको सुरक्षा व्यवस्थापन थप चुस्त, प्रभावकारी र व्यवस्थित बनाउन निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो ।

नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत् ४० दिनको म्यादका लागि निर्वाचन प्रहरी परिचालन हुँदैछ । आवेदन खुला भएसँगै जिल्ला प्रहरी कार्यालय अगाडि निर्वाचन प्रहरीमा आवेदन दिन आउनेको ठूलो भिड लागेको थियो भने कम संख्यामा यस पटक सशस्त्र प्रहरीले पनि निर्वाचन प्रहरी राख्न पाउने व्यवस्था भएकोले सशस्त्र गणमा पनि केही आवेदकहरु पुगेका थिए ।

५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा निर्वाचन क्षेत्रमा तैनाथ गर्नका लागि नेपाल प्रहरीतर्फ ४ हजार १९ जना र सशस्त्र प्रहरीतर्फ ४ सय ७८ जना निर्वाचन प्रहरी भर्ना गर्ने प्रक्रिया सुरु गरिएको जिल्ला प्रहरी रुपन्देहीका प्रवक्ता डीएसपी सुरज कार्कीले जानकारी दिए । सुरुवाती दिनबाटै रुपन्देहीमा उत्साह पूर्वक रुपमा आवेदकहरु आउने गरेका छन् । अन्तिम दिन बिहीबारसम्म जिल्ला प्रहरी कार्यालयमा ६ हजार २ सय ४९ जनाले आवेदन दिएका छन् जस्मा महिला १ हजार ४ सय १२ र ४ हजार ८ सय ३७ जना छन् ।

यस्तै सशस्त्र प्रहरीतर्फ ५ सय ६५ जनाले आवेदन दिएका छन्, जस्मा महिला ७४ र ४ सय ९१ जना छन् । निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति रुपन्देहीले नेपाल प्रहरी र सशस्त्र प्रहरीका नेपालका लागि एकीकृत सूचना प्रकाशित गर्दै योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेर दरखास्त लिइरहेको छ ।

निर्वाचन प्रहरी भर्ना छनोटका लागि सम्बन्धित जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भर्ना छनोट समिति बनाइएको छ ।

भर्नाका लागि आगामी माघ १ गतेसम्म जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. रुपन्देहीमा आवेदन खुला भएको थियो । निर्वाचन प्रहरी पदका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका नेपाली नागरिकले सक्ने जनाइएको पनि निवेदन दिनेहरु अधिकांश जेनजी उमेर समूहका पुस्ताहरुको रहेको छन् ।

निर्वाचनमा नियमित गस्ती, कार्यालय सुरक्षा, विशिष्ट व्यक्तिको सुरक्षा, अपराध रोकथाम तथा अनुसन्धानलगायतमा एकातिर नियमित रूपमा खटिनुपर्छ भने निर्वाचन केन्द्रित सुरक्षा व्यवस्थापनअन्तर्गत उम्मेदवारका सुरक्षादेखि प्रचारप्रसार, आमसभालगायतमा पनि सुरक्षा दिनुपर्ने हुन्छ । तर, निर्वाचन सुरक्षा व्यवस्थापनमा यो जनशक्तिले मात्र अपुग हुन्छ । सोहीकारण नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'सहयोगी सुरक्षा फौज'का रूपमा परिचालन गर्ने गरी निर्वाचन प्रहरी भर्ना गर्दैछ । यसरी भर्ना हुनेमध्ये प्रहरीमार्फत् खटिने जनशक्ति प्रहरीकै चेन अफ कमाण्ड र सशस्त्रअन्तर्गत खटिनेले सशस्त्रले चेन अफ कामाण्डमा रहनु पर्नेछ ।

यस्तै, निर्वाचन प्रहरीको कार्य अवधि नियुक्ति मितिदेखि ४० दिन वा नेपाल सरकारले तोके बमोजिम रहनेछ । सेवा सुविधाअन्तर्गत प्रतिदिन ८६९ रुपैयाँ ४० पैसाको दरले ४० दिनका लागि ३४ हजार ७७६ पारिश्रमिक प्रदान गरिने समितिले जनाएको छ । साथै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेटअनुसार खाद्यान्न खर्चसमेत उपलब्ध हुन्छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीबाट ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ जना लाई मतदाता रहेका छन् । जस्का लागि ५ निर्वाचन क्षेत्रमा २ सय ९ वटा मतदान स्थल र ७ सय ३२ मतदान केन्द्र तय भएको छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाका लागि सरकारले करिब ३ लाख ३७ हजार सुरक्षाकर्मी परिचालन गर्दै छ । जसमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग तथा ४० दिन कार्यअवधि तोकेर नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरीमार्फत् १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरीमार्फत १५ हजार १ सय १० जनशक्तिलाई ४० दिनको अवधि तोकेर 'निर्वाचन प्रहरी'का रूपमा छनोट गरी परिचालन गर्दैछ ।

मापदण्डअनुसार नेपाली नागरिक भएको हुनुपर्ने छ । साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, भर्ना हुने समयमा कुनै दलको सदस्यता नपाएको, शारीरिक र मानसिक रूपमा स्वस्थ, आतंककारी तथा विध्वंसात्मक संगठनको सदस्य नभएको, पुरुषको हकमा कम्तीमा ५ फिट उचाई, छातीको चौडा ३१ देखि ३३ इञ्च, ५० केजी तौल तथा महिलाको हकमा कम्तीमा ४ फिट १० इञ्च उचाई, ४२ केजी तौल र गर्भवती नभएको/नरहेको हुनुपर्ने योग्यता तय गरिएको छ ।

# बाँझो जग्गामा खेती गर्नेलाई नगद अनुदान

**प्रकाश डोटेल**

*स्याङ्जा*



परम्परागत रुपमा अग्रजले गर्दै आएको जग्गामा उही खेती गर्न नसकेर हैरान भएको छ ? जेनतेन गरेको खेती पनि बाँदरले हिनामिना गराउँदा निराश र उदेक लागेको छ ? छ भने अब स्याङ्जाको फेदीखोला गाउँपालिकाका कृषकले यी समस्याबाट छुटकारासँगै नगद अनुदान पाउने भएका छन् ।

फेदीखोला गाउँपालिकाले बाँझो जग्गाको सदुपयोग गर्दै कृषि उत्पादन बढाउन कृषकलाई प्रोत्साहन स्वरुप अनुदान दिने भएको छ । गाउँपालिकाले प्राविधिकको सिफारिसका आधारमा बाँझो जग्गामा कफी तथा अलैंची खेती गर्ने कृषकहरूलाई प्रतिरोपनी नगद तीन हजार अनुदान दिने भएको हो ।

गाउँपालिकामा लामो समयदेखि बाँझो रहेको जग्गामा कफी र अलैंची खेती विस्तार गर्ने कृषकलाई प्रतिरोपनी तीन हजारका दरले नगद अनुदान दिने भएको छ । आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रमअनुसार पहिलो चरणमा झण्डै ५ सय रोपनी क्षेत्रफल जग्गमा कफी र अलैंची खेती विस्तार हुने गाउँपालिकाले अपेक्षा गरेको छ ।

बाँझो जमिनलाई उत्पादनसँग जोड्न, खाद्य तथा पोषण सुरक्षा कायम राख्दै कृषकको आयस्तर उकास्ने उद्देश्यले कार्यक्रम कार्यान्वयनमा ल्याएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताए । गाउँघरमा जग्गा बाँझो छोडेर बसाइँ सर्ने र विदेशिनुपर्ने बाध्यताको अन्त्य गर्न बाँझो जग्गामा नगदेबाली कार्यक्रमलाई प्रोत्साहन गरेको अध्यक्ष सुबेदीले जानकारी दिए ।

स्थानीयस्तरमै रोजगारी सृजना, कृषि उद्यमशीलताको विकाससँगै कृषि उत्पादन वृद्धिमा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँपालिकाले तोकेको मापदण्ड र प्राविधिकको रायअनुसार खेती गर्न चाहने इच्छुक कृषक वा कृषि फर्महरूले प्रक्रिया पूरा गरेपछि गाउँपालिकाको कृषि शाखाले सिफारिस गरेअनुरुप कफी र अलैंची खेती गर्ने कृषकले प्रतिरोपनी तीन हजार नगद पाउने छन् ।

आर्थिक वर्ष २०८१/८२ देखि गाउँपालिकाले कोदो प्रवर्द्धनअन्तर्गत बाँझो जग्गामा कोदो रोपण गर्ने कृषकलाई प्रतिरोपनी बराबर तीन हजार अनुदान दिँदै आएको छ । फेदीखोला गाउँपालिकाले रैथानी बाली, लहरे तरकारी र फलफूल प्रवर्द्धन कार्यक्रम समेत संचालन गर्दै आएको जनाएको छ ।

# बुटवलमा हालसम्मकै ठूलो बुलेट बाइक राइड हुने



बुटवल । बुटवलमा हालसम्मकै ठूलो रोयल इन्फिल्ड (बुलेट) बाइक राइड हुने भएको छ । रोयल इन्फिल्ड गैरे प्रतिष्ठान बुटवलको आयोजनामा माघ २४ गते हुने बाइक राइडमा १५१ जना राइडर सहभागी हुनेछन् । बाइक राइडको रुट भने माघ १५ देखि २० गतेसम्म सार्वजनिक हुने गैरे प्रतिष्ठान बुटवलका एमडी प्रवेशराज गैरेले बताए । उक्त इभेन्ट हालसम्मकै ठूलो र व्यवस्थित हुने एमडी गैरेले बताए । हालसम्म १४० जना बढीले नाम दर्ता गरिसकेका गैरे प्रतिष्ठान बुटवल शो रूम म्यानेजर नारायणप्रसाद खनालले जानकारी दिए । उक्त राइडमा राइडरहरुको क्लब ह्वील्स अफ लुम्बिनी, बुटवल इन्फिल्डर्स,लुम्बिनी इन्फिल्डर्स, यलो रन्च बुटवल र ब्रदरहुड सैनामैनालगायतका क्लबहरुको सहभागिता रहने गैरे प्रतिष्ठानका लेखा प्रमुख कमल घिमिरेले जानकारी दिए ।

कार्यक्रमका विषयमा जानकारी दिन राइडर क्लबहरु र गैरे प्रतिष्ठानबिच शनिबार तिलोत्तमामा भेटघाट र छलफल समेत भएको छ ।

राइडमा जानुअघि सहभागीहरुलाई ट्राफिक प्रहरीले ट्राफिक नियम पालनालगायतका विषयमा परामर्श दिने छ । गैरे प्रतिष्ठान बुटवलका एमडी प्रवेशराज गैरेले यो मेगा इभेन्ट एकदमै अनुशासित र व्यवस्थित हुने, राइड बढीमा साढे दुई घण्टा हुने र त्यसपछि रुपन्देहीका कुनै पाँच चारे होटेलमा डिनर पार्टीसहित सहभागी क्लबहरुलाई उपहार वितरण गरेर साँझ ७ बजेभित्र समापन हुने बताए । गैरे प्रतिष्ठानले गत वर्षहरुमा रानीमहल र ढोरपाटन राइड भव्यताका साथ सम्पन्न गरेको थियो ।

# ट्राफिक प्रहरीद्वारा ५१ लाख राजस्व संकलन



स्याङ्जा । जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले ५१ लाखभन्दा बढी राजस्व संकलन गरेको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिना (साउन-पौष) मा ट्राफिक प्रहरीले ५१ लाख ६० हजार रुपैयाँ राजस्व संकलन गरेको हो ।

ट्राफिक नियम उल्लंघन गर्ने ६ हजार ४१८ सवारी चालकलाई कारबाही गर्दा उक्त राजस्व संकलन भएको ट्राफिक प्रहरीले जनाएको छ । जिल्लाको फेदीखोला, पुतलीबजार, आँधीखोला, भीरकोट, वालिङ, गल्याङ, चापाकोट र मिर्मिस्थित ट्राफिक चेकपोष्टमार्फत् राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

कुल संकलित राजस्वमध्ये साउनमा एक हजार ४२३ सवारी चालकलाई कारबाही गरेर ९ लाख ९९ हजार र भदौमा एक हजार ३४४ सवारी चालकबाट १० लाख ५२ हजार राजस्व संकलन भएको थियो । असोज महिनामा ६१९ सवारी चालकलाई कारबाही गर्दा ५ लाख ६५ राजस्व संकलन भएको स्याङ्जाका ट्राफिक प्रहरी प्रमुख भुपेन्द्रप्रसाद गौलीले जानकारी दिए ।

त्यसैगरी कार्तिकमा ८४१ सवारी चालकलाई कारबाही गरेर ७ लाख दुई हजार राजस्व संकलन गरेको प्रहरीले मंसिरमा एक हजार १०२ सवारीबाट ९ लाख २४ हजार पाँच सय र पुष महिनामा एक हजार ७९ सवारी धनीलाई कारबाही गरेर ९ लाख १७ हजार पाँच सय राजस्व संकलन गरेको ट्राफिक प्रहरीले जनाएको छ ।

अघिल्लो आर्थिक वर्षको सोहि अवधिको तुलनामा पछिल्लो वर्ष राजस्व संकलन घटेको छ । आर्थिक वर्ष २०८१/८२ को पहिलो ६ महिनामा ८ हजार ८५१ सवारी चालकलाई कारबाही गर्दा ट्राफिक प्रहरीले ६८ लाख चार हजार राजस्व संकलन गरेको थियो ।

जिल्लास्थित विद्यालय र समुदायमा ट्राफिक नियमको नियमित संचेतनामूलक कार्यक्रम गर्दै आएको ट्राफिक प्रहरीले राजस्व संकलनमा गिरावट आउनुमा जेनजी आन्दोलन मुख्य कारण रहेको जनाएको छ । भदौ २३ र २४ गतेको आन्दोलनपछि राजमार्ग केन्द्रित चेकिङ्ग कार्य प्रभावित भएको ट्राफिक प्रहरीले जनाएको छ ।

# वडास्तरीय क्रिकेट प्रतियोगिता सम्पन्न



परासी । पश्चिम नवलपरासीको रामग्राम-१५ सुक्रौलीमा वडास्तरीय क्रिकेट प्रतियोगिता सम्पन्न भएको छ । वडास्तरीय समिति रामग्राम-१५ का अध्यक्ष बसन्त खवासको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै वडा अध्यक्ष धनपत यादवले आफू दोस्रो पटक वडाध्यक्षमा निर्वाचित पश्चात् खेलाडीहरुलाई उत्प्रेरित गर्न हरेक वर्ष क्रिकेटको आयोजना गर्दै आएको बताए । उनले दिनमा आफ्नै वडाको अगुवाइमा जिल्लास्तरको क्रिकेट गराउनेमा जोड दिए ।

वडास्तरीय खेलकुद समितिको आयाजनामा यही पुस १९ रामग्राम-१५ वडा कार्यालयको आयोजनामा पुस २६ गतेदेखि सुरु भएको प्रतियोगिताको शनिबार फाइनल खेलमा रामग्राम-१५ क्रिकेट क्लब १०१ रनले विजय भएको हो ।

रामग्राम-१० वडा क्रिकेट क्लबलाई वडा नं. १५ ले १७० रनको टार्गेट दिएको थियो । वडा नं. १० ले सबै विकेट गुमाउँदै ६९ रन मात्र बनाउँदै उप-बिजेता भएको हो ।

साथै प्रथम हुने रामग्राम-१५ लाई नगद ४० हजारसहित मेडल कप र प्रमाणपत्र, द्वितीय हुने रामग्राम-१० लाई नगद २५ हजारसहित मेडल कप र प्रमाणपत्र र तृतीय हुने रामग्राम-१६ लाई नगद १० हजारसहित मेडल कप र प्रमाणपत्र प्रदान गरिएको आयोजकले जनाएको छ ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com